नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : म.बै./३२१/ ६७६०

मितिः २०७९/२/६

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७८ स्वीकृत गर्ने विषय म.प.बै.सं. ४/०७९ मिति २०७९/२/६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७८ स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/२-०७९/१/४ को प्रस्ताव म.प.बै.सं. १/०७९ मिति २०७९/१/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७९/१/२२ मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिबाट परिमार्जन भएबमोजिम यसैसाथ संलग्न "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९" स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थः**
श्री सचिव, मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।

टेलिफोन : ५२११०००, ५२११००१, ५२११०२५, ५२११०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९**

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ मा रहेको अनुगमनसम्बन्धी व्यवस्था, क्रसर उद्योगको लागि निर्धारित दूरीसम्बन्धी मापदण्ड, केन्द्रीय तहमा समन्वय संयन्त्रको व्यवस्थालगायतका अन्य सान्दर्भिक विषयहरूमा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम **"ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९"** रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा २ को उपदफा (१) को खण्ड (ग) मा संशोधनः** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (यस पछि "मापदण्ड" भनिएको) को दफा २ को उपदफा (१) को खण्ड (ग) मा रहेको "चट्टान" भन्ने शब्द हटाइएको छ।

३. **मापदण्डको दफा ३ मा देहायको उपदफा (३) थप गर्नेः** "(३) उपदफा (१) को खण्ड (ख) बमोजिम प्राविधिक टोली गठनसम्बन्धी व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ।

४. **मापदण्डको दफा ४ को उपदफा (१०) मा संशोधनः** मापदण्डको दफा ४ को उपदफा (१०) मा भएको **"घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्रको नदी,"** भन्ने वाक्यांश हटाइएको छ।

५. **मापदण्डको दफा ४ को उपदफा (१३) पछि देहायको उपदफा (१३क) र (१३ख) थप गर्नेः**

(१३क) गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलनका लागि नदीको धारमा परिवर्तन नहुने व्यवस्था मिलाई ड्याम वा तटबन्ध निर्माण गरी उन्नत प्रविधिको प्रयोगद्वारा रिभर माइनिङ गरी बालुवा प्रशोधन र बिक्री गर्ने कार्य सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

(१३ख) उपदफा (१३) र (१३क) बमोजिमको कार्यका लागि आवश्यक अन्य व्यवस्था जिल्ला अनुगमन समितिले तोकेबमोजिम हुनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्
सिंहदरबार

६. **<u>मापदण्डको दफा ४ को उपदफा (१५) पछि देहायको उपदफा (१६) र (१७) थप गर्ने:</u>**

(१६) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन गर्न पाइने छैन।

(१७) बेमौसमी वर्षाका कारणले खोला वा नदीको बहाव औसत तहभन्दा बढी भएमा जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१६) मा उल्लेख भएको अवधिभन्दा पन्ध्र दिन अघि वा पछिसम्मको अवधिमा उत्खनन कार्यलाई निषेध गर्न सक्नेछ।

७. **<u>मापदण्डको दफा ६ को उपदफा (४) मा संशोधन</u>**: मापदण्डको दफा ६ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको **"जोखिम हुने देखिएमा भन्ने शब्दपछि" "दफा ३ को उपदफा (३) बमोजिमको"** भन्ने वाक्यांश थप गरिएको छ।

८. **<u>मापदण्डको दफा ८ पछि देहायको दफा ८क. थप गर्ने:</u>**

८क. **<u>समन्वय तथा सहजीकरणसम्बन्धी व्यवस्थाः</u>** (१) ढुङ्गा, गिट्टी, बालुवाजस्ता साधारण निर्माणमुखी वस्तुहरूको उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धमा नीतिगत निर्देशन, समन्वय एवं सहजीकरणका लागि देहायबमोजिमको केन्द्रीय समन्वय तथा सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| सहसचिव (प्राविधिक), वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| महानिर्देशक, खानी तथा भू-गर्भ विभाग | -सदस्य |
| प्रदेश सचिव (सम्बन्धित प्रदेशको वातावरण हेर्ने मन्त्रालय) | -सदस्य |
| सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ।

(३) उपदफा (१) बमोजिम समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित प्रदेश सरकारको प्रतिनिधि तथा अन्य निकायका पदाधिकारी एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

९. **<u>मापदण्डको दफा ९ को उपदफा (१) मा संशोधन</u>**: मापदण्डको दफा ९ को उपदफा (१) को खण्ड (ख) हटाइएको छ। साथै खण्ड (ग) मा रहेको **"सदस्य"** भन्ने शब्दको सट्टा **"सहसंयोजक"** भन्ने शब्द राखिएको छ।